# मानव अधिकार सम्बन्धी नीति

## परिचय

Verisk को मानव अधिकार सम्बन्धी नीति ("नीति") विश्वको सबैभन्दा प्रभावकारी तथा जिम्मेवार डाटा एनालिटिक्स कम्पनी बन्ने हाम्रो भिजनको विस्तार हो । नीतिले The Verisk Way मा अभिव्यक्त मूल मान्यताहरूलाई मूर्त रूप दिएको छ — पहिलो र मुख्य कुरा, व्यक्तिको सम्मान — र यसलाई हाम्रो कार्यस्थलमा व्याप्त संस्कृतिले टेवा प्रदान गर्दछ, जहाँ भूगोल, मानिसहरू र अनुभवहरूको विविधताको सम्मान हुन्छ ।

व्यवसायीको रूपमा, हाम्रो आफ्नै अनुसन्धान र ग्राहकहरूको तर्फबाट हामीले गर्ने कार्यले विश्वभरि वास्तविक र सम्भावित मानव अधिकार उल्लङ्घनहरू तर्फ ध्यान आकर्षित गर्दछ । यस नीतिप्रति प्रतिबद्ध हुँदा, हामी हाम्रो कार्यस्थल र हामी तथा हामी बस्ने र काम गर्ने समुदायहरूलाई जोगाउने आपूर्ति शृङ्खला लगायत हाम्रो प्रभावको क्षेत्रमा मानव अधिकारको सम्मान र संरक्षण गर्ने हाम्रो जिम्मेवारीलाई स्वीकार गर्दछौँ ।

विश्वव्यापी कम्पनीको रूपमा, Verisk सधैं हामीले व्यवसाय सञ्चालन गर्ने क्षेत्रहरूमा लागू हुने कानुन तथा नियमहरू बमोजिम कार्य गर्न प्रतिबद्ध रहिआएको छ । हामीलाई त्यस्ता कानुन तथा नियमहरू अन्तर्राष्ट्रिय रूपमा मान्यता प्राप्त मानवअधिकारहरू नियन्त्रण गर्ने अपेक्षाहरूभन्दा न्यून रहेको लागेमा वा त्यस्तो अवस्था रहेको पाइएमा, हामी हाम्रो संस्कृति र मूल्यमान्यताहरू अनुरूप व्यवसाय सञ्चालन गर्ने प्रयास गर्ने छौँ ।

यो नीति मानव अधिकारको विश्वव्यापी घोषणा; नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र; कार्यका मौलिक सिद्धान्त एवं अधिकारहरू सम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को घोषणा; र Verisk पनि सहभागी रहेको UN Global Compact मा व्यक्त गरिएका विभिन्न सिद्धान्तहरूमा आधारित छ । यो नीति कम्पनीको रूपमा हाम्रा विश्वासहरूलाई प्रतिबिम्बित गर्ने हाम्रो व्यावसायिक आचार संहिता र नैतिकता, आधुनिक दासत्व सम्बन्धी कथन, जातीय समानता र विविधता सम्बन्धी कथन, र आपूर्तिकर्ताको आचार संहिता लगायत अन्य Verisk नीतिहरूको पूरक पनि हो र यसलाई तिनको संयोजनमा पढ्नुपर्छ ।

## क्षेत्र

यो नीति Verisk Analytics Inc. आफैँ र यसको अभिभावक, सहायक कम्पनीहरू, र यस अन्तर्गत सम्बद्ध कम्पनीहरू ("Verisk") र तिनका कर्मचारीहरू (पूर्णकालीन र आंशिककालीन लगायत), अस्थायी कर्मचारी र ठेकेदारहरूमा लागू हुन्छ । हामी मानव अधिकार र यसमा समावेश गरिएका प्रतिबद्धताहरूलाई हाम्रा व्यावसायिक साझेदार र अन्य सरोकारवालाहरू सहित र हामी बिच सम्मान र प्रवर्द्धन गर्ने दायित्वलाई थप स्वीकार गर्दछौँ ।

## प्रतिबद्धताहरू

नीतिमा निम्न प्रतिबद्धताहरू दर्शाइएको छ:

- **भेदभाव निषेध र न्यायोचित व्यवहार:** कर्मचारीहरूको नियुक्ति, पदोन्नति र धारण सम्बन्धी कम्पनीका नीतिहरूले जात, जाति, धर्म, रङ, राष्ट्रिय मूल, नागरिकता, लिङ्ग, लैङ्गिक पहिचान र/वा अभिव्यक्ति, यौनिक झुकाव, वैवाहिक स्थिति, उमेर वा असक्षमता र कानुनद्वारा निषेधित अन्य मापदण्डका आधारमा गरिने भेदभावलाई निषेध गर्दछन् । हाम्रा नीतिहरू कर्मचारी र एक-अर्कालाई

©2022 Verisk Analytics Inc. सर्वाधिकार सुरक्षित ।

निष्पक्ष तथा सम्मानजनक र मर्यादापूर्वक व्यवहार गरिने कुरा सुनिश्चित गर्न डिजाइन गरिएको छ । यो उद्देश्य हासिल गर्न, अन्य व्यक्तिहरूलाई गरिने भेदभाव वा दुर्व्यवहारलाई सहन गरिने छैन ।

- **बाल श्रम:** हामी उपयुक्त लगनशीलता सहित हाम्रो कार्यसञ्चालनमा कम उमेरका श्रमिकहरू कार्यरत नहुने कुरा सुनिश्चित गर्न प्रतिबद्ध छौँ ।

- **समुदाय:** हामी हाम्रा कर्मचारीहरूले काम गर्ने र बस्ने समुदायहरूलाई सम्मान र समर्थन गर्दछौँ । Verisk हाम्रो रोजगारी तथा खरिद अभ्यासहरू मार्फत जिम्मेवार नागरिक बन्न; हाम्रो कार्यसञ्चालनसँग सम्बन्धित हरितगृह ग्यास उत्सर्जनलाई न्यूनीकरण गर्ने वातावरणीय व्यवस्थापनका लागि विचारशील दृष्टिकोण अपनाउन; र विश्वव्यापी र स्थानीय महत्त्वका सवालहरूलाई सम्बोधन गर्ने संस्थाहरूलाई सहयोग प्रदान गर्न आर्थिक स्रोत, व्यावसायिक विशेषज्ञता र स्वयंसेवालाई समायोजन गर्ने परोपकारी कार्यक्रमलाई टेवा पुऱ्याउन प्रतिबद्ध छ ।

- **क्षतिपूर्ति र लाभहरू:** हामी हाम्रा कर्मचारीहरूलाई भुक्तान गरिने क्षतिपूर्ति र लाभहरू निष्पक्ष र समन्यायिक हुने, सम्पादित कार्य बमोजिम हुने र हाम्रा क्षतिपूर्ति र लाभ सम्बन्धी अभ्यासहरू सबै प्रचलित कानुन तथा नियम बमोजिम हुने कुरा सुनिश्चित गर्न प्रतिबद्ध छौँ ।

- **रोजगारी अवस्था:** हामी आफ्नो स्थान र कार्यस्थलमा काम गर्न कानुनी रूपमा स्वीकृति पाएका कर्मचारीहरूलाई रोजगारी दिन प्रतिबद्ध छौँ । हामी कर्मचारीहरूको काम गर्ने योग्यता स्थिति उचित लगनशीलता सहित प्रमाणित गर्नु हाम्रो जिम्मेवारी रहेको स्वीकार गर्दछौँ ।

- **रोजगारी/श्रम अभ्यासहरू:** Verisk मा रोजगार गर्ने-नगर्ने कुरा स्वैच्छिक हो । हामी कुनै पनि प्रकारको दासत्व, जबरजस्ती, बन्धक, बँधुवा वा अनैच्छिक श्रमको प्रयोगलाई निषेध गर्दछौँ । हामी मानव अधिकार हननलाई सघाउने, उक्साउने वा संलग्न हुने छैनौँ वा हाम्रो आपूर्ति शृङ्खलाभित्र मानव बेचबिखन वा शोषणलाई सहन गर्ने छैनौँ । हामीले कर्मचारीहरूको सरकारले जारी गरेको परिचयपत्र, राहदानी वा कार्य अनुमतिलाई रोजगारीको शर्तको रूपमा ग्रहण गर्ने छैनौँ ।

- **संघको स्वतन्त्रता:** हामी सबै प्रचलित कानुन तथा नियमहरूले अनुमति दिइएको र ती कानुन तथा नियम बमोजिम कुनै पनि समूहसँग सम्बद्ध हुने वा नहुने कर्मचारीहरूको अधिकारको सम्मान गर्न प्रतिबद्ध छौँ ।

- **गोप्यता र गोपनीयता:** हामी डाटाको अखण्डता, गोपनीयता र जिम्मेवार प्रयोगको सुरक्षा गर्न प्रतिबद्ध छौँ ।

- **काम गर्ने अवस्था र सुरक्षित कार्यस्थल:** हामी Verisk ले हामी काम गर्ने अधिकार क्षेत्रहरूमा कर्मचारीको स्वास्थ्य र सुरक्षालाई नियन्त्रण गर्ने सबै कानुन तथा नियमहरूको पालना गर्ने कुरा सुनिश्चित गर्न प्रतिबद्ध छौँ । यस प्रतिबद्धतालाई अगाडि बढाउन, हामी निम्न कार्यहरू गर्ने छौँ: कार्यस्थल र यात्रासँग सम्बन्धित जोखिमहरूको निगरानी र सम्बोधन गर्ने; कर्मचारीहरूलाई सुरक्षा, स्वास्थ्य र संरक्षण सम्बन्धी सवालहरूमा उनीहरूको स्थान र जागिरको श्रेणीका लागि उपयुक्त हुने सचेतना र प्रशिक्षण प्रदान गर्ने; र आवश्यक पर्दा सुरक्षात्मक कपडा र अन्य सुरक्षात्मक उपकरणहरू वितरण गर्ने । हामी सबै कर्मचारीहरूलाई उनीहरूले काम गर्ने अधिकार क्षेत्रको कानुन बमोजिम विश्राम, पानीमा पहुँच, शौचालय र छुट्टी/विदाको अधिकार प्रदान गर्न पनि प्रतिबद्ध छौँ ।

- **उत्पीडन/दुर्व्यवहारमा शून्य सहनशीलता:** Verisk ले कुनै पनि प्रकारको उत्पीडन र धम्कीमा शून्य-सहनशीलता नीति अवलम्बन गरेको छ । कुनै पनि प्रकारको शारीरिक, यौनजन्य, मनोवैज्ञानिक वा मौखिक उत्पीडन वा दुर्व्यवहार सहन गरिने छैन । Verisk को शून्य-सहनशीलता नीतिले यौन उत्पीडन र डरलाग्दो, आपत्तिजनक वा शत्रुतापूर्ण कार्य वातावरण सिर्जना गर्ने अनैच्छिक मौखिक, दृश्यात्मक, शारीरिक वा अन्य आचरण लगायत सबै प्रकारका उत्पीडनहरूलाई समेट्छ । हामी कर्मचारीहरूले आफ्नो योगदान अनुसार महत्त्व र सम्मानित महसुस गर्ने खालको काम गर्ने वातावरण सुनिश्चित गर्न प्रतिबद्ध छौँ ।

©2022 Verisk Analytics Inc. सर्वाधिकार सुरक्षित ।

# हाम्रो प्रतिबद्धताको सम्मान गर्ने

### मानव अधिकार समिति

आन्तरिक तथा बाह्य सरोकारवालाहरूलाई नीतिका प्रतिबद्धताहरूको सम्बद्ध सञ्चार, कथित उल्लङ्घन र गुनासोहरूको समाधान र Verisk को सञ्चालक समितिलाई आवधिक प्रगति रिपोर्टहरू पेस गर्ने लगायत यस नीतिको कार्यान्वयन तथा सञ्चालनको निरीक्षण गर्नका लागि एक मानव अधिकार समिति नियुक्त गरिएको छ । मानव अधिकार समितिमा Verisk का प्रमुख कार्यकारी अधिकृत र निम्न कर्पोरेट विभागहरूको प्रतिनिधित्व गर्ने वरिष्ठ नेतृत्वहरू समावेश हुन्छन्: अनुपालन, उद्यम जोखिम, मानव संसाधन, कानुन, खरिद र दिगोपन ।

### सञ्चार तथा प्रशिक्षण

Verisk का सबै कर्मचारीहरूले यो नीतिको प्रतिलिपि प्राप्त गर्ने छन् र नियुक्ति वा धारणको समयमा र त्यसपछि वार्षिक रूपमा नीतिको प्राप्ति स्वीकार गर्न र नीति पढेर बुझेको कुरा पुष्टि गर्नुपर्ने हुन्छ ।

सबै कर्मचारीहरूलाई अचेतन पूर्वाग्रह, कार्यस्थलको विविधता, डाटा सुरक्षा, आधुनिक दासत्व र मानव अधिकार सम्बन्धी प्रशिक्षण पूरा गर्नुपर्ने हुन्छ । विश्वव्यापी अनुपालन र गोपनीयता सेवा विभागले सबै कर्मचारीहरूले नियुक्तिको समयमा र त्यसपछि वार्षिक रूपमा प्रशिक्षण पूरा गरेको सुनिश्चित गर्नका लागि प्रशिक्षण परिनियोजन योजना विकास गरेको छ ।

### आपूर्तिकर्ता आचार संहिता र ड्यु डिलिजेन्स प्रक्रिया

यस नीतिसँग मिल्दाजुल्दा प्रावधानहरू Verisk को आपूर्तिकर्ता आचार संहिता ("संहिता") मा पनि समावेश गरिएको छ, जसले आपूर्तिकर्ताहरूलाई उनीहरूको अनुपालन स्वीकार गर्ने वार्षिक आपूर्तिकर्ता प्रमाणीकरण पूरा गर्नुपर्ने हुन्छ ।

Verisk को तेस्रो-पक्षीय प्रमाणीकरण प्रक्रियाको एक अङ्गको रूपमा, हामी हाम्रा वर्तमान र सम्भावित टियर 1 आपूर्तिकर्ताहरू प्रतिबन्धहरूको अधीनमा छन् कि छैनन् भनेर निगरानी गर्न एक अग्रणी जोखिम तथा अनुपालन संस्थासँग सम्झौता गर्दछौँ । संगठनले त्यस्ता आपूर्तिकर्ताहरू मानव अधिकार उल्लङ्घनहरू, लगायत आधुनिक दासत्व, वा मानव बेचबिखन लगायत गैरकानुनी गतिविधिमा संलग्न हुन सक्ने लगभग 200 देशहरूमा प्रकाशित सरकारी बुलेटिन र समाचार स्रोतहरूबाट दैनिक रूपमा सामग्री स्क्यान गर्दछ । Verisk ले प्रत्येक सम्भावित उल्लङ्घनको समीक्षा गर्दछ र व्यावसायिक सम्बन्धको अन्त्य सहित आवश्यक परेमा उचित कारबाही गर्दछ ।

# सम्भावित उल्लङ्घनहरू रिपोर्ट गर्ने

यस नीति वा कानुनको उल्लङ्घन भएको शंका गर्ने जो कोहीले तुरुन्तै रिपोर्ट गर्नुपर्ने छ ।

- कर्मचारीहरू: कर्मचारीहरूले Verisk व्यवस्थापनलाई यस्तो रिपोर्ट दिनुपर्छ वा तल वर्णन गरिएको Verisk को Whistleblower Platform प्रयोग गर्नुपर्दछ ।
- बाह्य सरोकारवालाहरू: बाह्य सरोकारवालाहरूले यस्तो रिपोर्ट ग्दा तल वर्णन गरिएको Verisk को Whistleblower Platform प्रयोग गर्नुपर्छ ।

### Whistleblower Platform

Whistleblower Platform एक स्वतन्त्र तेस्रो-पक्षीय सेवाद्वारा सञ्चालित र कायम गरिएको छ । यसले Verisk का सरोकारवालाहरूलाई कथित मानव अधिकार उल्लङ्घन, आर्थिक हिनामिना, घूसखोरी र भ्रष्टाचार, डाटा गोपनीयता, साथै अन्य सम्भावित अनुचित गतिविधिहरू सुरक्षित ढङ्गले रिपोर्ट गर्ने तरिका उपलब्ध गराउँदछ । प्रतिशोधको त्रास विना गोप्य रिपोर्टिङ सुनिश्चित गर्न Whistleblower Platform उपलब्ध छ । Whistleblower रिपोर्टहरू कानुनले अनुमति दिने क्षेत्रमा अनलाइन वा फोन 24/7/365 मार्फत स्थानीय भाषाहरूमा विश्वव्यापी रूपमा गुमनाम रूपमा गरिन्छ । हामीले त्यस्ता सरोकारहरूलाई कसरी व्यवस्थापन गर्दछौँ भन्ने विस्तृत प्रक्रिया हाम्रो व्हिसलब्लोअर नीतिमा फेला पार्न सकिन्छ ।

©2022 Verisk Analytics Inc. सर्वाधिकार सुरक्षित ।

## प्रवर्तन

Verisk ले यस नीतिको सम्भावित उल्लङ्घनको अनुसन्धान गर्ने छ । Verisk ले आवश्यक भएमा स्थानीय अधिकारीहरूलाई घटनाहरू रिपोर्ट गर्ने अधिकार सुरक्षित राख्छ ।

Verisk द्वारा गरिने अनुशासनात्मक कारबाही उल्लङ्घनको आधारमा हुने छ र स्थानीय मापदण्डहरू बमोजिम हुने छ । यसमा व्यावसायिक सम्बन्ध तुरुन्तै खारेज वा समाप्ति समावेश हुन सक्छ । यस नीतिको पालना गर्ने वा ध्यानाकर्षण गराउने सम्बन्धी उजुरी दायर गर्ने कर्मचारीविरुद्ध प्रतिशोध लिन कडा रूपमा निषेध गरिएको छ ।

Verisk वा हाम्रो मानव अधिकार नीति बारे थप जानकारीका लागि, कृपया यहाँ सम्पर्क गर्नुहोस्: mailto:GlobalCompliancePolicy&Regulation@verisk.com ।

Verisk को सञ्चालक समितिद्वारा फेब्रुअरी 16, 2022 मा लागू गरिएको

©2022 Verisk Analytics Inc. सर्वाधिकार सुरक्षित ।